आज मिति २०८०/१०/२३ गते मङ्गलवारका दिन सुनिलसम्मृति गाउँपालिका वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक श्री तुल्सी सुनारज्यूको अध्यक्षतामा वैठक वसि तपशिल बमोजिमको उपस्थितीमा देहाय बमोजिमको निर्णय गरियो ।

तपशिल

| | |
|---|---|
| श्री तुल्सी सुनार | संयोजक |
| श्री नेमलाल दमाई | सदस्य |
| श्री दुर्योधन महरा | शाखा प्रमुख, पर्यटन प्रवर्द्धन, वन वातावरण तथा विपद व्यवस्थापन उपशाखा |

प्रस्ताव तथा निर्णयहरु :-

आज वसेको वातावरण तथा विपद व्यवस्थापन समितिको वैठकबाट तपसिल वमोजिमको प्रस्ताव माथि छलफल गरी गाउँ कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो ।

तपसिल

१) विपद व्यवस्थापन कार्यविधि निर्माण गर्न आवश्यक देखिएको हुदाँ उक्त कार्यविधिको मस्यौदा तयारीका लागि सिफारिस गर्ने ।

२) सुनिलस्मृति गाउँपालिका अन्तर्गतका सवै सामुदायिक वनको अवस्था, गतिविधि र आयव्ययको बारेमा जानकारी लिन आवश्यक रहेकोले सवै सामुदायिक वनका अध्यक्ष, सचिव र कोषाध्यक्षको उपस्थित गराउने गरी १ दिने अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने ।

३) सुनिलस्मृति गाउँपालिकालाई पूर्ण सरसफाई युक्त गाउँपालिका निर्माण गराउनका लागि गाउँपालिका केन्द्र र सवै वडाका वस्ती स्तर सम्म साप्ताहिक सरसफाई अभियान सञ्चालनका लागि गाउँपालिका र सवै वडा मार्फत टोल स्तरसम्म परिपत्र गर्ने ।

४) सुनिलस्मृति गाउँपालिका भित्र रहेका सामुदायिक वन र अन्य सार्वजनिक स्थलहरुमा वृक्षारोपन गर्न आवश्यक रहेकाले वृक्षारोपनका लागि कुनै एक सामुदायिक वन उपभोक्ता समिलाई वभिन्न जातका विरुवा उत्पादनका लागि नर्सरी स्थापना गरी निःशूल्क वितरण गर्न सिफारिस गर्ने ।

५) मिति २०७९/०२/२० गते बसेको गाउँ कार्यपालिकाको बैठकको प्रस्ताव नं. ६ को (ज) सँग सम्बन्धित निर्णयमा तत्कालिन पर्यटन प्रवर्द्धन, वन वातावरण तथा विपद व्यवस्थापन उपशाखा प्रमुख श्री भुपेन्द्र खड्कालाई वातावरण तथा विपद व्यवस्थापन समितिको सदस्य सचिव तोकिएकोमा उहाँको थप जिम्मेवारीले गर्दा मिति २०८०/०८/०७ गतेको प्रमुख प्रशासकीय अधिकृतको निर्णयानुसार पर्यटन प्रवर्द्धन, वन वातावरण तथा विपद व्यवस्थापन उपशाखाका जिम्मेवारीमा रहनु भएका श्री दुर्योधन महरालाई वातावरण तथा विपद व्यवस्थान समितिको सदस्य सचिव तोक्न सिफारिस गर्ने ।